राप्ती सोनारी गाउँकार्यपालिकाको ... अगैया, बाँके लुम्बिनी प्रदेश, नेपाल

**आज मिति २०८२ साल असार महिनाको ४** गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष **श्री तम्र बहादुर पौडेल** ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको **५७औं बैठक** बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तम्र बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ बहादुर बुढाथोकी | का.बा. अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित तथा सहयोगी कर्मचारीहरु** | | | |
| १९ | श्री गणेश कु. लामिछाने | ले.प्र. | |
| २० | श्री राज किशोर थापा | सू.के. अधिकृत | |

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# मिति २०८२ असार ४ गतेको कार्यपालिकाको बैठकको निर्णय

निर्णय नं १. यस गाउपालिकाको आव २०८२/०८३ -२०८४/०८५ को लागि मध्यकालीन खर्च संरचना संशोधन सहित स्वीकृत गरियो |

निर्णय नं २.यस गाउपालिकाको विषयगत शाखाले गत आवमा गरेको कामको प्रगति प्रतिवेदन र आगामी वजेट सीमाको बारेमा यो कार्यपालिकाको बैठकमा प्रस्तुत गरियो | बैठकमा ब्यापक समिक्षा सहित कार्यक्रम समेत थपघट सहित संशोधन गरि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो | वडा तथा विषयगत शाखाबाट संचालन हुने कार्यक्रम तथा आयोजना उत्पादनमुलक र जनतामा प्रत्यक्ष लाभ पुर्याउने गरि एकीकृत योजना तर्जुमा समितिमा प्रथमिकरण गरि पेश गर्ने निर्णय गरियो |

निर्णय नं ३ . यस गाउपालिकाको चालु आवमा सङ्घीय सशर्त अनुदानबाट विनियोजन भएको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगतका ४२७ जना लाभग्राहीहरु मध्ये पूर्वाधार समितिका संयोजकको नेतृत्वमा भएको अनुगमन प्रतिवेदनका आधारमा टिनका छाना लगाइसकेका लाभग्राहीहरुलाई चालु आवमा बिनियोजन भएको अनुदान रकम दामासाहीले वितरण गर्ने निर्णय गरियो |साथै २०७१ सालको बाढी पिडितहरु मध्ये शहरी विकास तथा भवन निर्माण विभाग संघिय आयोजना कार्यान्वयन इकाई नेपालगञ्ज संग सो कार्यक्रम कार्यन्वयन गर्नका लागि २०३ जना लाभग्राहीहरुले प्राप्त गर्नु पर्ने कुल लागत रु ६०९०००००।—(अक्षरुपि रु छ करोड नौ लाख रुपैया मात्र)सम्झौता भई यस कार्यालय मार्फत अनुदान लिइरहेका २०३ जना लाभग्राहीहरुले प्रति लाभग्राही ११५४३२/५५ (अक्षरुपी रु एक लाख पन्ध्र हजार चार सय बत्तिस) रुपैयाका दरले रु २३४३२८०७.६५।—(अक्षरुपि रु दुइ करोड चौतिस लाख बत्तिस हजार आठ सय सात पैसा पचहत्तर मात्र) प्राप्त गरेको हुदा बाँकी प्रति लाभग्राही सम्झौता अनुसारको थप रकम रु.१८४५६७/४५ का दरले आवश्यक रकम रु.३७४६७१९२/३५ (अक्षरुपि रु. तिन करोड चौहत्तर लाख सात हजार एक बयानब्बे रुपैया पैसा पैतिस मात्र) माग गर्ने निर्णय गरियो।

निर्णय नं ४. यस गाउपालिकाको वडा नं २ का देहायका व्यक्तिहरुको घर तथा गोठमा हावाहुरी आइ क्षति पुर्याएकोले विपद ब्यबस्थापन कोष बाट राहत रकम उपलब्ध गराउने निर्णय गरियो |

| सि.नं | नाम थर | राहत रकम | क्षतिको विवरण |
|---|---|---|---|
| १ | नर बहादुर खत्री | ५००० | गोठको जस्तापाता |
| २ | लीलाराम कामि | ५००० | घर जस्तापाता |
| ३ | दिलबहादुर विक | ५००० | गोठ जस्तापाता |
| ४ | जानाकिदेबी बुढाथोकी | ५००० | |
| ५ | गुट्टू थारु कोहलपुर १५ | ५००० | |

चान बहादुर छेत्री
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं ५. यस गाउपालिकाको कृषि शाखाबाट पेश भएको कृषि प्रोफाइल स्वीकृत गर्ने निर्णय गरियो|

निर्णय नं ६. यस गाउपलिका को वडा नं ८ बस्ने खड्क बहादुर विस्टको छोरा तारा प्रसाद विस्टको नाममा घरेलु कार्यालयमा दर्ता भइ यस कार्यालयबाट २०७८/०६/१४ गते प्रदान गरिएको घ बर्गको विस्ट निर्माण सेवा नामको निर्माण व्यवसायीको इजाजत प्रमाण पत्र मिति २०८२/३/२ गते घरेलु कार्यालयबाट प्राप्त नामसारी पत्र बमोजिम उक्त इजाजत पत्र राप्तिसोनारी २ बस्ने लक्षमण प्रसाद पौडेलको छोराको नाममा नामसारी गरि स्वर्गद्वारी कन्ट्रक्सन नाममा नाम परिवर्तन गरि आएकोले यस गाउपालिकाबाट समेत नियमानुसारको शुल्क लिई नाम परिवर्तन सहित नामसारी गरेकोले सो निर्णय समर्थन गर्ने निर्णय गरियो |

निर्णय नं ७ .रास्ट्रिय ब्यवसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि २०७९ बमोजिम यस गाउपालिकाको स्थानीय तह प्राबिधिक तथा ब्यवसायिक शिक्षा तथा तालिम समन्वय समिति TVT देहाय अनुसार गठन गरियो र सो को जानकारी लुम्बिनी प्रदेश सरकारको सामाजिक बिकास मन्त्रालयमा पठाउने निर्णय गरियो :

क . गाउपालिका अध्क्षय तत्तबहादुर पौडेल- अध्यक्ष

ख . मिनराज खड्का सामाजिक बिकास समिति संयोजक -सदस्य

ग. माधव डाँगी रोजगार संयोजक -सदस्य

घ .रोजगारदाताबाट पुतली थारु वडा नं २ , हरि थारु वडा नं ६ होम स्टे र टिका थाप वडा नं १ गरि जम्मा ३ जना (एक जना महिला सहित )

च .गाउपालिकाको शिक्षा शाखा प्रमुख — सदस्य -सचिब

निर्णय नं ८.यस गाउपलिकामा आगामी बर्ष २०८२/०८३ मा केहि वडाहरुलाई पोषण मैत्री वडा घोषणा गर्ने गरि अहिले देखि नै काम थालनी गर्ने निर्णय गरियो |

निर्णय नं ९ .यस गाउपालिकाको वडा नं ६ निवासी जित बहादुर बुढाथोकीले पेश गरेको निबेदन र प्राबिधिक दुर्गा केसीले पेश गरेको प्रतिवेदनका आधारमा वडा नं ६ को डाडाटपरीमा ( गोडियनपुर ) मा जम्मा गरि राखेको ग्राभेल ७६६२०.४८ घनफिटको ७७४२४.०८ रकम राजश्व तिरी अन्यत्र लैजानको लागि दिएको अनुमति अनुमोदन गर्ने निर्णय गरियो |

निर्णय नं १०. शिक्षा तथा खेलकुद शाखा अन्तरगत खेलकुद समितिको खेलकुद प्रतियोगिता संचालन , खेलाडी प्रोत्साहन , स्काउट तथा खेल प्रशिक्षक ब्यबस्थापन प्रदेश सरकार राजश्व बाडफाड शीर्षकबाट बजेट बिनियोजन भएको तर सो शिर्षकमा रकम नभएकोले शिक्षा शाखा रहेको बिधालयमा शैक्षिक तथ्यांक ब्यवस्थापन तथा लेखा ब्यवस्थापन तालिम बजेट शीर्षकबाट २ लाख ६८ हजार १६ औं संस्करणको जिल्लास्तरीय रास्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताको लागि भएको खर्च रकम ब्यहोर्ने निर्णय गरियो|

प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

निर्णय नं. ११. पशु सेवा शाखा अन्तरगत चालु आव २०८१/०८२ को दुग्ध उत्पादन विविधिकरण कार्यक्रम ५० प्रतिशत अनुदानमा दुग्धपालक  किसानहरुलाई वितरण गर्ने निर्णय गरियो ।

दान बहादुर ऐंडी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner